नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

# शिक्षा तथा मानव स्रोत विकास केन्द्र

शैक्षिक योजना तथा विकास महाशाखा

## शिक्षक व्यवस्थापन समन्वय शाखा

सानोठिमी, भक्तपुर

प.सं. २०७८/०७९/शि.व्य. शाखा सम्पर्क नं. ०१-६६३५११३
च.नं. १७७

मितिः२०७८/१०/१७

विषयः शिक्षकको छुट प्राविधिक ग्रेड सम्बन्धमा स्पष्ट पारिएको ।

श्री शिक्षा विकास तथा समन्वय इकाइ
सबै ।

प्रस्तुत विषयमा शिक्षा विकास तथा समन्वय इकाइ भक्तपुरको च.नं. ४५३ लगायत अन्य जिल्लाहरुबाट समेत विभिन्न च.नं. र मितिमा पठाइएका शिक्षकको छुट प्राविधिक ग्रेड सम्बन्धी सक्कलै फाइलहरु यस केन्द्रमा प्राप्त भएको सम्बन्धमा तोकिएको ढाँचामा एकिन गरी एकीकृत विवरण पठाउनु पर्नेमा अन्यथा भएको हुँदा तपसिल अनुसार गर्नु हुन सक्कलै फाइलहरु तत् तत् जिल्लामा फिर्ता पठाइएको व्यहोरा अनुरोध छ ।

तपसिल

१. यस केन्द्रको च.नं. २०० मिति २०७८/०२/०९ को पत्रबाट सबै स्थानीय तहहरु र शिक्षा विकास तथा समन्वय इकाइहरुलाई कार्यरत तथा अवकाश प्राप्त शिक्षकहरुको छुट प्राविधिक ग्रेड सम्बन्धमा सम्मानित सर्वोच्च अदालतको मिति २०७६/०२/१५ को रिट नं. ०७३-WO-०७४२ मा भएको आदेश कार्यान्वयनको सम्बन्धमा नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको मिति २०७८/०१/२८ को माननीय मन्त्रीस्तरीय निर्णयानुसार शिक्षकहरुको छुट प्राविधिक ग्रेड प्रदान गर्ने आधार र प्रकिया पठाइ सकिएकोले सोही अनुसार रुजु, सत्यापन गरी समष्टिगत ग्रेड रकम हिसाब गरी एकीकृत विवरण मात्रै पठाउनु हुन ।
२. सो आधार र प्रकिया अनुसार छुट प्राविधिक ग्रेड प्रदान गर्न कुनै विद्यालयमा बजेट नपुग भई सम्बन्धित स्थानीय तहबाट नपुग रकम निकासा माग भई आएमा मात्र आवश्यक कागजात तहाँबाटै एकिन गरी नपुग रकम पछि सम्म फरक नपर्ने गरी यस केन्द्रमा संलग्न ढाँचामा स्थानीय तहगत क्रम मिलाएर पठाउनु हुन ।
३. बुँदा नं १ र २ बाहेकको हकमा कुनै समस्या भएमा यस केन्द्रमा निर्देशन माग गर्नु हुन र यस केन्द्रबाट प्राप्त निर्देशन अनुसार गर्न गराउने व्यवस्था हुन ।

..........................
भुवनेश्वर जोशी
शाखा अधिकृत

पुनश्च : ढाँचा यसैसाथ संलग्न गरिएको छ ।

URL: https://www.cehrd.gov.np Section email : teachermgt.cehrd@gmail.com

## शिक्षकको छुट प्राविधिक ग्रेडका लागि नपुग रकम निकासा माग गर्ने ढाँचा

| सि.नं. | स्थानीय तहको नाम | विद्यालयको पुरा नाम | विद्यालयको ठेगाना | शिक्षकको नाम | शिक्षकको संकेत नं. | तह र श्रेणी | शुरु नियुक्ती मिति | तालिम | बढुवा मिति | कार्यरत या अवकाश मिति | ग्रेड छुट अवधि | | ग्रेड पाउने समयावधि | | | ग्रेड दर (आव अनुसार दर फरक भएका छुट्टाछुट्टै row मा खुलाउने) | ग्रेड रकम | पहिले तलबमा जोडी भुक्तान भइसकेको ग्रेड | जम्मा छुट ग्रेड रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | देखि | सम्म | बर्ष | महिना | दिन | | | | |
| | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | |